**अवधारणा {AWADHARANA}**
{A Peer-Reviewed Multidisciplinary, Open Access & NepJOL Indexed Journal}
Volume 9, 2025 {Print ISSN: 2505-080x}
Email: loktantrik066@gmail.com
URL: https://nepjol.info/index.php/awadharana
Copyrights: *Copyright 2025 Author/s and Creative Democrat Academy, Pokhara, Nepal. This work is licensed under a Creative Commons Attribution- Non Commercial* 4.0 International License
***Publisher***
*Creative Democrat Academy*

# रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्ध

**डा. विष्णुप्रसाद शर्मा {Dr. Bishnu Prasad Sharma}**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
{Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara}

**Article History:**
Received 09 July 2025, Reviewed 15 August 2025, Accepted 10 October 2025
**Corresponding Author:**
Bishnu Prasad Sharma; Email: sharmabp997@gmail.com
ORCID ID : https://orcid.org/0009-0003-3279-3148
DOI : https://doi.org/10.3126/awadharana.v9i1.86193

**सार**

पूर्वीय साहित्यशास्त्रमा देखा परेका विभिन्न सिद्धान्त/दर्शनमध्ये रस सिद्धान्तलाई सर्वाधिक जेठो र समृद्ध मानिन्छ । साहित्यमा प्रयुक्त रस सिद्धान्तको शैक्षणिक उपयोगिता पहिल्याउनु प्रस्तुत अध्ययनको उद्देश्य हो । गुणात्मक अनुसन्धानमा आधारित प्रस्तुत लेखमा मूलतः पुस्तकालय कार्यबाट द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी आगमनात्मक पद्धतिका माध्यमबाट वर्णनात्मक र तुलनात्मक अध्ययन विधिका साथ तथ्याङ्कको विश्लेषण गरिएको छ । अध्ययनमा प्रस्तुत दाबीलाई पुष्टि गर्न पूर्व अध्येतासँग संवाद गर्दै आवश्यक तर्क, तालिका र साक्ष्यका साथ लेखकीय दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । काव्य वा साहित्यबाट प्राप्त हुने अलौकिक आनन्द वा ब्रह्मानन्द सहोदरलाई नै साहित्यशास्त्रमा रसका रूपमा लिइन्छ । रस निष्पत्तिका लागि विभाव, अनुभाव र व्यभिचारी भाव आवश्यक सामग्री हुन् । स्थायी भावका आधारमा रस सङ्ख्या मुख्यतः नौवटा मानिन्छ । तिनीहरूमा शृङ्गार, करूण, हास्य, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त रहेका छन् । भरतको रस सूत्रमा प्रयुक्त 'संयोगात्' र 'निष्पत्ति' शब्दलाई लिएर आचार्यहरूबिच रस निष्पत्ति सम्बन्धी मत भिन्नता देखिएका छन् । यिनीहरूमा भट्टलोल्लटको उत्पत्तिवाद, श्रीशङ्कुकको अनुमितिवाद, भट्टनायकको भुक्तिवाद र अभिनवगुप्तको अभिव्यक्तिवाद मुख्य रहेका छन् । यिनीहरूमा अभिनवगुप्तको अभिव्यक्तिवादलाई परवर्ती आचार्यहरू मम्मट, विश्वनाथ, जगन्नाथ लगायतले अनुशरण गरेकाले तुलनात्मक रूपमा अभिव्यक्तिवाद रस निष्पत्तिको हालसम्मको सर्वमान्य सिद्धान्त मानिन्छ । भाषाशिक्षण पनि बोध र अभिव्यक्तिको शिक्षण हो । रसोत्पत्तिका लागि विभाव, अनुभाव र व्यभिचारी भावको संयोजन भएजस्तै भाषाशिक्षणमा पनि पाठ्यवस्तुको छनोट र स्तरण तथा शिक्षण सामग्री विधि र कार्यकलापको उपयुक्त संयोजन आवश्यक हुन्छ । रसका विविध स्थायी भाव भएजस्तै भाषाशिक्षणबाट पनि सिकारूको सर्वाङ्गीण क्षमताको विकास

गर्न सकिन्छ । यसर्थ उद्देश्य, पाठ्यवस्तुको छनोट र स्तरण, शिक्षण सामग्री, अनुभवको सङ्गठन तथा मूल्याङ्कन प्रक्रियाका आधारमा रस सिद्धान्तको सम्बन्ध भाषाशिक्षणसँग पनि रहेको देखिन्छ ।

**शब्दकुञ्जी** : निष्पत्ति, भाषिक सिप, संयोगात्, सत्त्वगुण, सिकाइ

## विषयपरिचय

'रस' शब्द आस्वादनार्थक 'रस' धातुमा 'अच् (अ)' प्रत्यय लागेर बनेको हो । संस्कृत व्याकरणमा रसका विभिन्न अर्थ पाइन्छन् । शतपथ ब्राह्मणमा 'मधु' का अर्थमा रसलाई लिएको पाइन्छ भने तैत्तिरियोपनिषद्मा रसलाई आनन्दमय ब्रह्म या परमात्माका रूपमा व्याख्या गरेको पाइन्छ (पौडेल, २०५५, पृ. १११) । उपनिषद् युगमा गरिएको रसको व्याख्या अनुसार रस नामक तत्त्वलाई प्राप्त गर्नु नै आनन्द प्राप्त गर्नु हो । यसमा रूपतत्त्वबाट सारतत्त्व प्राप्तिसम्मको यात्रामा सफलता प्राप्त गर्नु भनेको ईश्वरीय चिदानन्दरूप प्राप्त गर्नु हो । रसरूप सारभूत वस्तुको प्राप्ति नै आत्माको परमानन्द प्रकाश हो । यस परमानन्द प्रकाशमूलक रसबाट ऋक्, यजु, साम्सम्बन्धी ऋचाहरू अविर्भाव भएको छान्दोग्योपनिषद्मा उल्लेख छ (सुवेदी, २०५६, पृ. २९) । परवर्ती आचार्यहरूले रसलाई रमणीय आह्लादकारी ब्रह्मानन्द सहोदरका रूपमा चिनाएका छन् । जसरी ब्रह्माण्डमा ब्रह्म परमात्माका रूपमा अवस्थित छ, त्यसै गरी काव्यमा रस आत्माका रूपमा विद्यमान हुन्छ भन्ने धारणा रसवादीहरूको छ ।

साहित्यमा रसको महत्त्व दर्शाउँदै रस चिन्तनको व्यवस्थित सुरूवात गर्ने काम आचार्य भरत (इ.पू. प्रथम शताब्दीतिर) को नाट्यशास्त्रबाट भएको हो । उनको नाट्यशास्त्रमा रससूत्रका साथै आठ रसको उल्लेख पाइन्छ । प्रजापति ब्रह्माले मनुष्यलाई अमृत रस पान गराउन रसको आधान गरे भन्दै ऋग्वेदबाट पाठ्य, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय कला र अथर्ववेदबाट रस तत्त्वको ग्रहण गरी पाँचौँ नाट्यवेद तयार पारेका हुन् भन्ने पाइन्छ (भट्टराई, २०३९, पृ. २) । भरतको 'नाट्यशास्त्र' संस्कृत नाट्य र काव्यशास्त्रको आदिम आधारभूत ग्रन्थ हो । यसमा नाट्यशास्त्र, सङ्गीतशास्त्र, छन्दशास्त्र, अलङ्कार, रस आदिको साङ्गोपाङ्गो प्रतिपादन गरिएको छ । भरतमुनिपछि अलङ्कारवादी, रीतिवादी, वक्रोक्तिवादी आचार्यहरूले कुनै न कुनै रूपमा रसको चर्चा गरेका छन् । वामनले रसलाई गुणको मूल तत्त्व भनेका छन् भने आनन्दवर्धनले रसलाई ध्वनिको मुख्य अङ्ग भनेका छन् (पोखरेल, २०७५, पृ. १) । यसरी नै रूद्रट, मम्मट, विश्वनाथ, अभिनवगुप्त, जगन्नाथ लगायतले साहित्यमा रसको महत्त्वलाई स्थान दिएका छन् ।

भाषाशिक्षण भाषिक सिप तथा पक्षको शिक्षण हो । यसमा विषयवस्तुलाई साधन र भाषालाई साध्यका रूपमा लिइन्छ । भाषिक सिप बोध र अभिव्यक्तिमा आधारित हुन्छ । ज्ञानका हरेक विधासँग भाषा शिक्षणलाई जोड्नु सान्दर्भिक हुन्छ । रस सिद्धान्तका बारेमा भट्टराई (२०३९), उपाध्याय (२०४८), विश्वनाथ (२०५३), पौडेल (२०५७), रेग्मी (२०६९), पोखरेल (२०७५) लगायतले चर्चा गरेका छन् । यसै गरी रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्ध खोज्ने कार्य यसपूर्व छिटफुट रूपमा भएको देखिन्छ । शर्मा र पौडेल (२०६८) ले पनि नेपाली भाषा शिक्षणका सन्दर्भहरू उल्लेख गरेका भए पनि रस सिद्धान्तसँग भाषा शिक्षणको सम्बन्धका बारेमा खासै चर्चा गरेका छैनन् । न्यौपाने (२०७६) ले भाषाशिक्षणलाई रस निष्पत्तिसँग जोडेर ब्रह्मानन्द सहोदरका रूपमा अर्थ्याएका छन् । शर्मा (२०७८) ले ज्ञानका विविध विधासँग भाषाशिक्षणको सम्बन्ध देखाउने क्रममा रस सिद्धान्तको चर्चा गर्दै रस सिद्धान्त र भाषाशिक्षणको सम्बन्ध उल्लेख गरेका छन् । यसबाहेक रस सिद्धान्तसँग भाषा शिक्षणको सम्बन्ध उल्लेख गरेर अध्ययन

भएको पाइँदैन । यसबाट प्रस्तुत अध्ययनको पूर्वकार्यसँग प्रशस्त अन्तराल देखिन्छ । यसका आधारमा पनि प्रस्तुत अध्ययनको औचित्य स्पष्ट हुन्छ । अध्ययनमा रस सिद्धान्तलाई भाषा शिक्षणका आधारभूत पक्षमा केन्द्रित गरी चर्चा गरिएको छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

पाठ्य वा दृश्य काव्यबाट प्राप्त हुने अलौकिक आनन्दलाई रसका रूपमा लिइएको छ । पूर्वीय समालोचना सिद्धान्तमा रस, ध्वनि, अलङ्कार रीति, वक्रोक्तिलगायत विविध सिद्धान्तको विशद् चर्चा पाइन्छ । वाक्यमा वर्णित रस सिद्धान्तका विषयमा पनि धेरै विद्वानहरूले समय खर्चेका छन् । यसो भए तापनि रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्ध के कस्तो छ ? भन्ने विषयमा व्यवस्थित अध्ययन भएको पाइँदैन । अहिले पूर्वीय साहित्य सिद्धान्तलाई शिक्षण सिकाइ र व्यवहार परिवर्तनका क्षेत्रमा के कसरी उपयोग गर्न सकिन्छ, भाषाशिक्षणका क्षेत्रमा रस सिद्धान्तको उपादेयता कस्तो छ भन्ने सवालहरूको खोजी गर्ने बहस र आवश्यकताको विषय बनेको छ । पूर्वीय रस सिद्धान्तबाट प्राप्त हुने ब्रह्मानन्द सहोदरलाई भाषाशिक्षणमा उपयोग गर्न सके भाषाशिक्षणले पनि सफलता हासिल गर्न सक्ने देखिन्छ । अत : रस सिद्धान्तको नजिकको सम्बन्ध भाषाशिक्षणसँग पनि छ भन्नु प्रस्तुत अनुसन्धानको दाबी ( क्लेम) हो । यसर्थ अनुसन्धानका समस्या र दाबीमा आधारित भएर प्रस्तुत अनुसन्धानका उद्देश्यहरू यस प्रकार छन् :

क) रस सिद्धान्तका आधारभूत पक्षको खोजी गर्नु,

ख) रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्ध देखाउनु ।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा आधारित छ । यसो हुनाले अनुसन्धानमा व्याख्यावादी दर्शन र रस सिद्धान्तलाई आधार बनाइएको छ । अतः यस अनुसन्धानको दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमशः स्पष्ट पारिएको छ ।

### दार्शनिक स्थिति

प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ । व्याख्यावादी दर्शनले साहित्यिक, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा मनोवैज्ञानिक क्षेत्रका विविध सत्यतथ्यको खोजी गर्ने हुनाले अनुसन्धानबाट प्राप्त सत्य (अन्टोलोजी) रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्धलाई मानिएको छ । यसैगरी रस सिद्धान्त र भाषाशिक्षणसँग सम्बन्धित पुस्तक, सन्दर्भ पुस्तक, शोधपत्र, आलेखलगायत प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) का रूपमा लिइएको छ । यस्तो ज्ञान विषयगत प्रकृतिको रहेको छ । यसै गरी अनुसन्धानबाट प्राप्त निष्कर्षलाई मूल्यका रूपमा लिइएको छ र यस्तो मूल्यलाई सापेक्ष वा उपयोगितावादी कोणबाट हेरिएको छ । अनुसन्धानमा तथ्याङ्कबाट प्राप्त तथ्य र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ ।

## तथ्याङ्क सङ्कलन र विश्लेषण विधि

प्रस्तुत अनुसन्धान पुस्तकालय कार्यमा आधारित भएकाले मूलत : द्वितीयक स्रोतका सामग्री ( पुस्तक, पत्रपत्रिका, आलेख, सन्दर्भ पुस्तक, अनलाइन सामग्री आदि) बाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क विश्लेषणमा रस सिद्धान्त र भाषाशिक्षणका सिद्धान्तलाई आधार मानिएको छ । तथ्याङ्क विश्लेषण गर्दा सर्वप्रथम रसको सैद्धान्तिक परिचय दिइएको छ । यसै गरी रस सामग्री, रस निष्पत्ति सिद्धान्त र यससम्बन्धी मत मतान्तर केलाई रस सिद्धान्तको साङ्गोपाङ्गो व्याख्या गरिएको छ । यही रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्ध देखाइएको छ । यी दुई पक्षको सम्बन्ध देखाउँदा सर्वप्रथम भिन्नता देखाई सम्बन्धका आधार केलाइएको छ । भाषाशिक्षणको उद्देश्य निर्माण गर्न, पाठ्यवस्तुको छनोट र स्तरण गर्न, शैक्षणिक सामग्रीको चयन र प्रयोग गर्न, शिक्षण विधि तथा प्रक्रियाको निर्धारण र प्रयोग गर्न साथै मूल्याङ्कनका लागि रस सिद्धान्तलाई उपयोग गर्न सकिने तथ्य अनुसन्धानबाट स्पष्ट पारिएको छ ।

## सैद्धान्तिक आधार

वैदिक ग्रन्थ, दर्शनशास्त्र, आयुर्वेद, उपनिषद् लगायतमा रसलाई विभिन्न किसिमले अर्थ्याइए पनि साहित्यशास्त्रमा रसलाई आस्वादन वा आनन्दका रूपमा लिइन्छ; जुन उपनिषद्देखि चर्चा गरिएको छ । रस के हो ? र यो कसरी उत्पत्ति हुन्छ ? भन्ने विषयमा सर्वप्रथम भरतमुनिले आफ्नो नाट्यशास्त्रमा उल्लेख गरेका छन् । भरतको रससूत्र नै आजसम्म विकसित रस सिद्धान्तको मूल स्रोत हो । यो सूत्रमा वर्णित विभाव र अनुभाव शारीरिक क्रियासँग सम्बन्धित छन् भने यी दुई भावबाट अभिव्यक्त स्थायी र सञ्चारी भाव मनोवैज्ञानिक छन् । रसको परिचयका क्रममा रससूत्रलाई स्पष्ट पार्दै भरत थप्छन् – जसरी विभिन्न किसिमका दाल, भात, तरकारी, अचार आदि भोज्य वस्तुहरूको मेलबाट भोजनकर्तालाई तत्तत् वस्तुभन्दा भिन्न किसिमको समष्टिगत आस्वादन मिल्छ, त्यसैगरी काव्यगत विभाव, अनुभाव र व्यभिचारी भावको संयुक्त सम्मिलनबाट काव्य रसको आस्वादन हुन्छ (भट्टराई, २०३९, पृ. ८६) । जसरी बीजबाट वृक्ष र वृक्षबाट फल, फूलबाट फल उत्पत्ति हुन्छ त्यसैगरी रसहरू/स्थायी भावहरू मूल/बीज हुन् र तिनीहरूबाट नै भाव (शृङ्गार, करूण आदि) को उत्पत्ति हुन्छ, भन्ने मान्यता नाट्याशास्त्रमा पाइन्छ ।

आनन्दवर्धन (इसाको नवौँ श) मूलतः ध्वनिवादी हुन् । यिनले काव्यको आत्मा व्यङ्ग्यार्थ ( रस) लाई मान्छन् । आनन्दवर्धनले सोभै रसलाई ग्रहण नगरी रस ध्वनिको उल्लेख गरेका छन् ( उपाध्याय, २०४८, पृ. २३) । आनन्दवर्धनले रति आदि स्थायी भाव नै रसका रूपमा परिणत हुन्छ भनेका छन् । यस्तै अभिनवगुप्त (दसौँ श.) ले ध्वनिवाद र रसवादलाई सबल बनाउन महत्त्वपूर्ण योगदान दिएका छन् । यिनले भरतको 'नाट्यशास्त्र' मा आधारित 'अभिनवभारती' नामक व्याख्यात्मक एवम् आलोचनात्मक कृति लेखेका छन् । गुप्त भन्छन् – सहृदयी आत्माहरूमा संस्कारका रूपमा रहेका स्थायी भावहरू विभाव, अनुभाव र व्यभिचारी भावका संयोगका कारण मानवात्मामा निहित अन्तर्भावना नै उद्भव भएर रसका रूपमा प्रकट हुन्छन् । विभाव, अनुभाव र व्यभिचारी भावको एकैपल्ट अनुभव भएपछि तेरो मेरो भन्ने वैयक्तिक भावना हट्छ र चेतनामा आनन्दमय रूपको अनुभव हुन्छ । यही नै रस हो (सुवेदी,

२०५६, पृ. ३२) । अभिनवगुप्तले भरतमुनिको 'संयोगात्' लाई व्यङ्ग्य-व्यञ्जक सम्बन्ध र 'निष्पत्ति' लाई अभिव्यक्ति मान्छन् ।

विश्वनाथ (चौधौ श.) ले रसात्मक वाक्य काव्य हो भन्दै भाव र रसका बिच घनिष्ठ सम्बन्ध देखाएका छन् । विश्वाथ भन्छन् - रस सत्त्वगुणको उद्रेकद्वारा अखण्ड रूपमा स्वयम् प्रकाश्य हुन्छ, आनन्दमय हुन्छ, चैतन्यमय हुन्छ, यसको आस्वादन गर्दा इतर विषयको बोध रहन्न । त्यसैले रस काव्यबाट प्राप्त अलौकिक चमत्कार हो; रस ब्रह्मको सहोदर भाइ हो (उपाध्याय, २०४८, पृ. २४) । विश्वनाथले सर्वतको रसको स्वादको उदाहरण दिँदै भन्छन् - जसरी ल्वाङ, सुकमेल, मिश्री, मरिच आदि पदार्थहरूको संयोजनबाट सर्वत बन्दछ । फलतः ल्वाङ, मिश्री, मरिच, वस्तुभन्दा फरक किसिमको आस्वाद पाइन्छ, त्यस्तै रस निष्पत्ति वा रसानुभूतिमा प्रथमतः, विभाव, अनुभाव र व्यभिचारी भाव अलग हेतु मानिन्छन् । पुनः सबैको मेल भएपछि एक छुट्टै किसिमको विलक्षण आस्वाद पैदा हुन्छ; त्यही नै रसको आस्वाद हो (विश्वनाथ, २०५३, पृ. ९८) । यस भनाइबाट विश्वनाथले विभाव, अनुभाव र व्यभिचारी भावद्वारा सहृदयमा वासनास्वरूप रहेको स्थायी भाव परिपाक अवस्थामा पुग्ने अवस्थालाई रस भनेका छन् । रसावस्थामा व्यक्तिमा रहेका रजोगुण र तमोगुण हटेर सत्त्वगुणको प्रबलता रहन्छ; जुन स्वयम् आनन्दमयी, चमत्कारपूर्ण, प्रकाशमय र अलौकिक हुन्छ । जगन्नाथ (इ. को सत्रौँ श) ले रस सहृदयको हृदयमा रहन्छ र त्यो योगीले आफ्ना इन्द्रियरूपी आवरणलाई हटाएर वा भग्न गरेर आत्माको साक्षात्कार गरेझैँ काव्यका माध्यमले आफ्नै हृदयस्थ आनन्दमय रसको अनुभव गर्छ भनेका छन् (पौडेल, २०५७, पृ. ११६) । जगन्नाथले अज्ञातका आवरणबाट मुक्त भएको चैतन्य नै रस हो भन्दै रसलाई काव्यको आत्माका रूपमा सर्वोच्च सम्मान दिन्छन् ।

रसवादी भरत, विश्वनाथलगायतका अनुसार रस काव्यको आत्मा हो । रसावस्थामा पुगेपछि व्यक्तिमा रजोगुण र तमोगुण हटेर सत्त्वगुणको प्रबलता रहन्छ; भावना सूक्ष्म तथा सार्वभौम हुन्छन्; जसबाट आनन्दमय, सुखात्मक र ब्रह्मानन्द स्वाद प्राप्त हुन्छ । पश्चिममा रसलाई मनोविज्ञानसँग जोडेर आनन्दका रूपमा लिइएको पाइन्छ । अरस्तुका अनुकरण सिद्धान्त र विरेचन सिद्धान्तमा रसवादी अमूर्त धारणाहरू भेटिन्छन् । लन्जाइनसको उदात्तीकरण, कलरिजको कल्पना सिद्धान्त तथा रिचर्डसको सम्प्रेषण सिद्धान्तसँग पनि रसवादको सम्बन्ध देखिन्छ ।

भाषा सिपपरक विषय हो । भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । सुनाइ र पढाइ बोध अर्थात् ग्रहण सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्ति अर्थात् प्रदानात्मक सिप हुन् । यस्ता भाषिक सिपहरू प्रशस्त अभ्यासका माध्यमले हासिल हुने भएकाले भाषालाई कलाका रूपमा हेर्ने गरिन्छ । भाषाशिक्षण यिनै सिपको शिक्षण हो । बोध र अभिव्यक्तिको शिक्षण हो । उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षण हो । भाषिक सिप र कुशलताको विकास गराउनका लागि गरिने शिक्षण नै भाषाशिक्षण हो (शर्मा र पौडेल, २०६८, पृ. २) । भाषाशिक्षणमा विषयवस्तु वा पाठ्यवस्तु साधन वा माध्यम बन्न पुग्छ भने भाषिक सिप साध्य वा लक्ष्य बन्न पुग्छ ।

भाषिक सिप व्यक्तिका अनुपम आभूषण हुन् । यस्ता सिपको प्राप्तिपछि उसको व्यक्तित्वले उचाइ प्राप्त गर्छ र जेजस्ता भाषिक समस्या पनि उसले सहजै डटेर सामना गर्न पुग्छ । त्यसैले भाषाशिक्षणमा कुशल भाषा शिक्षक र पाठ्यक्रमविद्हरूले भाषिक सिपले पूर्णता प्राप्त हुने गरी पाठ्यवस्तुको छनोट र स्तरण गरेका हुन्छन् र भाषिक सिप प्राप्तिकै लागि भाषा पाठ्यपुस्तकमा विभिन्न

साहित्यिक विधा वा पाठहरू विषयवस्तुका रूपमा उपयोग गरिएको हुन्छ । त्यस्तो विषयवस्तु वा पाठ्यवस्तुका आडमा रहेर विभिन्न शिक्षण क्रियाकलाप, कक्षाको स्तर र विद्यार्थीको रूचि वा आवश्यकतालाई बुझी मनोवैज्ञानिक ढङ्गले सवलीकरणका माध्यमबाट भाषाशिक्षणका सिद्धान्तहरूलाई ख्याल गरी उद्देश्यअनुरूप शिक्षण गर्नु भाषाशिक्षणको सर्वमान्य मान्यता शिक्षण हो । (शर्मा, २०७८, पृ. ५१) । यसरी रस सिद्धान्त र भाषाशिक्षणको यही सैद्धान्तिक आलोकमा आधारित भई प्रस्तुत अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

## नतिजा र विमर्श

साहित्यशास्त्रमा प्रयुक्त रस काव्य वा साहित्यबाट प्राप्त आनन्दानुभूति हो । यसलाई आत्मवादी दर्शनका रूपमा लिइन्छ । यस्तै भाषिक सिप तथा पक्षको शिक्षण भाषाशिक्षण हो । भाषिक सिपअन्तर्गत बोध र अभिव्यक्ति तथा पक्षअन्तर्गत भाषातत्त्व र शब्दभण्डारको शिक्षण पर्दछन् । रस सिद्धान्तलाई सर्वप्राचीन समृद्ध सिद्धान्तका रूपमा लिइन्छ भने भाषाशिक्षणलाई आधुनिक दर्शनका रूपमा चिनिन्छ । रस सिद्धान्त आत्मवादी वा भाव पक्षसँग सम्बन्धित छ भने भाषाशिक्षण आत्मवादी तथा देहवादी दुवै पक्षसँग सम्बन्धित मानिन्छ । रस सिद्धान्त मूलतः नाट्य वा साहित्य विधासँग सम्बन्धित छ भने भाषाशिक्षण भाषा तथा भाषिक सिपसँग केन्द्रित देखिन्छ । रसलाई आस्वादनका रूपमा लिइन्छ भने भाषाशिक्षणलाई बानी निर्माण वा व्यवहार परिवर्तनका रूपमा हेरिन्छ ।

लामो ऐतिहासिक महत्त्व बोकेको रस सिद्धान्तका अतिरिक्त काव्यको आत्माका रूपमा अलङ्कार, रीति, वक्रोक्ति, औचित्य जस्ता दर्शन देखिएका छन् । यस्तै भाषाशिक्षणका क्षेत्रमा पनि मनोवादी, व्यावहारवादी, प्रकार्यवादी, विसंरचनावादी जस्ता विविध सिद्धान्तहरू प्रतिपादन भएका छन् । रस सिद्धान्तलाई स्थापित गराउन आरोपवाद, अनुमितिवाद, भुक्तिवाद तथा अभिव्यक्तिवाद जस्ता दार्शनिक आधारहरूले सहयोग पुऱ्याएका छन् भने भाषाशिक्षणमा पनि आगमनात्मक, निगमनात्मक, सम्प्रेषणात्मक, रचनामुखी जस्ता विविध सिद्धान्त पद्धति विधि तथा कार्यकलापले यथेष्ट दार्शनिक आधार प्रदान गरेका छन् (शर्मा, २०७८, पृ. ३५-३८) । रस सिद्धान्तमा विषय वा भावलाई साध्य र भाषालाई साधनका रूपमा लिइन्छ भने भाषाशिक्षणमा विषय वा भावलाई साधन र भाषिक सिपलाई साध्य मानिन्छ ।

रस सिद्धान्त र भाषाशिक्षणका बिच उपर्युल्लिखित केही पक्षमा भिन्नता देखिए पनि यी दुवैमा पाइने समानता खोज्न सकिन्छ । रस सिद्धान्त र भाषाशिक्षणको सम्बन्धका केही तथ्यहरूलाई यहाँ स्पष्ट पारिएको छ :

*तालिका १* : **रस सिद्धान्त र भाषाशिक्षण**

| रस सिद्धान्त | भाषाशिक्षण |
|---|---|
| – सर्वप्राचीन र समृद्ध अवधारणा/दर्शन/चिन्तन | – तुलनात्मक रूपमा आधुनिक र समृद्ध अवधारणा/दर्शन/चिन्तन |
| – रति (प्रेम), हाँसो, करूण, भय आदि स्थायी भावको परिपाक नै रस | – शाब्दिक, तार्किक, सांगीतिक, शारीरिक जस्ता बहुप्रतिभाको प्रस्फुटन नै भाषाशिक्षण |
| – आलम्बन विभावका रूपमा नायक नायिका, वस्तु, विषय, घटना आदि | – आलम्बन विभावका रूपमा शिक्षक विद्यार्थी आदि |

| | |
|---|---|
| – उद्दीपन विभावका रूपमा आलम्बन विभावका रूप, गुण, व्यवहार आदि | – उद्दीपन विभावका रूपमा शिक्षक विद्यार्थीका बोली, वचन, गुण, व्यवहार, क्रियाकलाप आदि |
| – रजोगुण र तमोगुणको तिरोहन भई सत्त्व गुणको उद्रेक | – अँध्यारोबाट उज्यालोतर्फ, अज्ञानताबाट ज्ञानतर्फ तथा भाषिक सिपको विकास |
| – रस आनन्दमय, प्रकाशतुल्य र चमत्कारपूर्ण हुने | – भाषिक सिप वा ज्ञान आनन्दमय, प्रकाशतुल्य र चमत्कारपूर्ण हुने |
| – रति, हासो, भय, उत्साह जस्ता भावको परिपाक हुने | – बोध (सुनाइ, पढाइ), अभिव्यक्ति (बोलाइ, लेखाइ) तथा पक्ष (भाषातत्त्व, शब्दभण्डार) सिपको विकास हुने |
| – सहकारी कारण विभावादि | – सहकारी कारण कक्षाकोठाको व्यवस्थापन, शिक्षण सामग्री र विधिको प्रयोग आदि |
| – कार्य-कारण, अनुमाप्य-अनुमापक, भोज्य-भोजक तथा व्यङ्ग्य-व्यञ्जक सम्बन्ध रहने | – उद्देश्य, शिक्षण सामग्री, शिक्षण विधि तथा कार्यकलाप तथा मूल्याङ्कन र पृष्ठपोषणको सम्बन्ध रहने |
| – मनोवैज्ञानिक दर्शन/सिद्धान्त | – मनोवैज्ञानिक, व्यावहारवादी, निर्माणवादी दर्शन/सिद्धान्त |

तालिका १ बाट रस सिद्धान्त र भाषाशिक्षणको सम्बन्ध स्पष्ट हुन्छ । यसै आधारमा रस सिद्धान्तको शैक्षणिक उपयोगितालाई पाठ्यक्रम केन्द्रित र रस केन्द्रित गरी दुई प्रकारबाट अध्ययन गरिएको छ :

## पाठ्यक्रम केन्द्रित उपयोगिता

पाठ्यक्रमलाई आधार बनाएर रसको शैक्षणिक उपयोगिता केलाउने कार्य पाठ्यक्रम केन्द्रित उपयोगितामा गरिएको छ । यसमा पाठ्यक्रमलाई लक्ष्य बनाइन्छ र पाठ्यक्रम कार्यान्वयन गर्ने क्रममा कक्षाकोठा भित्र र बाहिर गरिने कार्यकलापलाई महत्त्व दिइन्छ । यसका आधारमा रस सिद्धान्तको शैक्षणिक उपयोगितालाई निम्नलिखित बुँदागत रूपमा स्पष्ट पारिएको छ :

***उद्देश्य निर्धारण***

रस सिद्धान्तअनुसार भाषा पाठ्यक्रम निर्माण गर्दा सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यकता पहिचान गरी लक्ष्य र उद्देश्य निर्धारण गर्नुपर्ने हुन्छ । युगानुकूल आनन्द दिने, कीर्ति वा यश प्राप्त हुने र जीवन जगत्मा अपेक्षित परिवर्तन आउने गरी (सत्त्व गुण) उद्देश्यको निर्धारणमा रस सिद्धान्तको उपयोग गर्न सकिन्छ । भाषा पाठ्यक्रमका उद्देश्य विद्यार्थीका शैक्षणिक र मनोवैज्ञानिक पक्षमा आधारित हुनुपर्छ भन्ने सुझ रस सिद्धान्तबाट प्राप्त हुन्छ ।

### *शिक्षण सामग्री/पाठ्य सामग्रीको निर्माण र प्रयोग*

रस सिद्धान्त अनुसार भाषाशिक्षण गर्दा आलम्बन विभावका रूपमा आउने पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, कालो/सेतो पाटी, तालिका, चित्र, नक्सा, पाठपत्र, कक्षाकोठा व्यवस्थापन, श्रव्य दृश्य सामग्री आदि शिक्षणमैत्री/विद्यार्थीमैत्री हुनुपर्ने देखिन्छ । जसबाट स्थायी भावका रूपमा रहेको विद्यार्थीको प्रतिभा प्रष्फुटन हुने अवसर मिल्छ ।

### *पाठ्यवस्तुको छनोट र स्तरण*

रस सिद्धान्त अनुसार पाठ्यवस्तुको छनोट गर्दा सिकारूको तह वा स्तर, रूचि र आवश्यकतालाई ख्याल गर्नुपर्ने हुन्छ । यसो नभएमा रस परिपाक नभए जस्तै सिकारूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन हुन पाउँदैन र भाषिक सिप प्राप्त हुँदैन । स्थायी भावका प्रकार जस्तै सिकारूका बहुबौद्धिकतालाई ख्याल गरी पाठ्यवस्तुको छनोट गर्नुपर्छ र तिनको आलम्बन र उद्दीपन विभाव अनुकूल शैक्षणिक र मनोवैज्ञानिक सुसिक्यताका आधारमा स्तरण गर्न रस सिद्धान्त उपयोगी हुन्छ ।

### *सिकाइ अनुभवको सङ्गठन*

रस सिद्धान्त अनुसार सिकाइ क्रियाकलापको प्रयोग गर्दा भाव वा रसमा आधारित भई गर्नुपर्ने देखिन्छ । रति, हासो, शमजस्ता पाठ्यविषयको भाव अनुसारका क्रियाकलाप अपनाउनु पर्छ । विद्यार्थीको रूचि, क्षमता र स्तर अनुसार विविध शिक्षण कार्यकलापहरू अपनाई उनीहरूमा रहेको प्रतिभा, क्षमता, समझ वा दृष्टिकोणलाई प्रस्फुटित वा परिपाक अवस्थामा पुर्‍याउन सकिन्छ (न्यौपाने, २०७६. https://www.m.www.youtbube.com) । सिकाइमा सहज वातावरणका साथ आनन्दको अनुभूति गराई बच्चाले आमाको दूध चुस्दा पाउने आनन्दझैँ सत्त्व गुणको प्राप्तिका निम्ति भाषाशिक्षणमा रस सिद्धान्त उपयोगी देखिन्छ । यसो भएमा मात्र सिकाइ स्थायी, स्वाभाविक, सरल र सरस बन्छ ।

### *मूल्याङ्कन*

रस सिद्धान्तअनुसार भाषाशिक्षण गर्दा अपनाउने मूल्याङ्कन प्रक्रियामा निर्णयात्मक मूल्याङ्कनलाई मात्र आधार नबनाई आन्तरिक वा निरन्तर मूल्याङ्कनलाई पनि आधार बनाउनुपर्ने हुन्छ । जसरी विभावादि प्रक्रियाबाट स्थायी भाव रसका रूपमा परिपाक हुन्छ, त्यसैगरी सिकारूका आन्तरिक र बाह्य (शारीरिक, मानसिक, संवेगात्मक) पक्षको मूल्याङ्कन गरी उसको प्रतिभा पहिचान गर्न सकिन्छ (लम्साल, २०७७, पृ. ९५-१०६) । मूल्याङ्कनका प्रक्रिया वा साधन पनि विद्यार्थीमैत्री विविध स्वरूपका हुनुपर्ने मान्यता रस सिद्धान्तबाट प्राप्त हुन्छ ।

माथि उल्लेख गरिएका अतिरिक्त वैदिक, लौकिक वाङ्मय, आरण्यक, ब्राह्मणग्रन्थ, उपनिषद्, रामायण, महाभारत, कोश जस्ता विराट ग्रन्थ/पाठ्य सामग्री निर्माण कार्य रस सिद्धान्तकै उपज हुन् । काव्य/साहित्य सिर्जनाको प्रयोजन आनन्द (प्रीति) पनि यही रस सिद्धान्तकै परिणाम हो । सिकारूलाई ज्ञानबाट र शिक्षकलाई शिक्षणबाट अन्ततः ब्रह्मानन्द नै प्राप्त हुन्छ । अर्को अर्थमा रसविनाको सिकाइ निरर्थक र अस्थायी हुन्छ । साहित्यशास्त्रमा प्रयुक्त रस नै अर्को शब्दमा बोध अभिव्यक्ति हो । स्थायी भाव स्वरूप रहेको प्रतिभा प्रस्फुटनमा शिक्षक विद्यार्थीबिच प्रशस्त अन्तरक्रिया, चेष्टा र सामग्री/उदाहरण आवश्यक पर्छ । विद्यालयभित्र मात्र नभै विद्यालय बाहिरको परिवेशले भाषा

सिकाइमा उद्दीपनको भूमिका खेल्ने हुँदा सहकार्यकलापलाई समेत उपयोग गर्न रस सिद्धान्तले आधारभूमिको कार्य गरेको देखिन्छ ।

भरतको रस सूत्रलाई आधार बनाउँदा पनि 'संयोगात्' को अर्थ भाषाशिक्षणमा पाठ्यक्रम, शिक्षक, विद्यार्थी सम्बन्ध र 'निष्पत्ति' को अर्थ प्रतिभा/ज्ञानको निर्माण/प्रस्फुटन भन्ने हुन्छ । रसको साधारणीकरण सिद्धान्तले शिक्षक विद्यार्थी सम्बन्ध बलियो बनाउन सहयोग पुऱ्याएको छ । शिक्षकले व्याख्या गरिरहने र विद्यार्थीले नबुझ्ने स्थितिलाई रस सिद्धान्तले इन्कार गरी विद्यार्थीमैत्री शिक्षणमा जोड दिन्छ । अतः यिनै सन्दर्भका आधारमा रस सिद्धान्तको शैक्षणिक उपयोगिता रहेको पुष्टि हुन्छ ।

## रस केन्द्रित उपयोगिता

साहित्यमा प्रयोग हुने रसलाई आधार मानेर यसको शैक्षणिक उपयोगिता केलाउने कार्य यसमा गरिन्छ । यसमा नव रसलाई आधार वा स्रोत मानिन्छ र यसका आधारमा रसको शैक्षणिक उपयोगिता केलाइन्छ । रस केन्द्रित आधारमा रस सिद्धान्तको शैक्षणिक उपयोगितालाई निम्नलिखित बुँदागत रूपमा स्पष्ट पारिएको छ ।

भाषाशिक्षणमा व्याकरण र शब्दको मात्र सिकाइ नभएर भावनात्मक अनुभवहरू पनि सम्प्रेषित हुन्छन् । यसर्थ सिकाइलाई अनुभवको सङ्गठनका रूपमा पनि लिइन्छ (शर्मा, २०७८, पृ. ७) । भाषाका माध्यमबाट प्रस्तुत हुने विधागत विविधताले सिकारूमा भावनात्मक अनुभव वृद्धि हुन्छ । रसात्मक शैली सौन्दर्यबाट सिकारूमा सिकाई प्रति प्रेरणा र रूचि जागृत हुन्छ । भावनात्मक संलग्नताका आधारमा गरिएको सिकाइ जीवन्त मात्र होइन, सहज र प्रभावकारी पनि हुन्छ । सिकारूमा स्मरणशक्तिको विकास गर्न तथा सिर्जनात्मक अभिव्यक्ति कलाको विकास गर्न रस सिद्धान्त उपयोगी हुन्छ। अतः रस सिद्धान्तबाट सिकारूमा संवेगात्मक र भावनात्मक आयामलाई फराकिलो गर्न मद्दत मिल्ने देखिन्छ ।

रसका प्रकार विशेषका आधारमा सिकाइ सहजीकरणबाट सिकारूमा विविध भाव र शैली सौन्दर्यको विकास गर्न सकिन्छ । माथि वर्णन गरिए अनुसार रस सिद्धान्तको सम्बन्ध भाषाशिक्षणमा उद्देश्यको निर्धारणदेखि मूल्याङ्कनको तहसम्म रहेको देखिन्छ । उदाहरणका लागि यहाँ रसका प्रकारसँग सिकाइ सहजीकरणको सम्बन्धलाई उदाहरणसहित उल्लेख गरिएको छ :

### *शृङ्गार रस र भाषाशिक्षण*

शृङ्गार रसबाट सिकारूलाई प्रेम, आकर्षण, सौन्दर्य भावको विकासका साथै सकारात्मक भावनामा वृद्धि गर्न मद्दत मिल्छ । कक्षाको स्तर वा तह हेरी शृङ्गार रसमा आधारित कविता वा गीत मार्फत काव्यात्मक कार्यकलापमा सिकारूलाई संलग्न गराउन सकिन्छ । विद्यार्थीबिच प्रेम, मित्रता, सम्मान जनाउने संवाद गराउनु राम्रो हुन्छ । उपन्यास, कथा वा कृतिमार्फत सौन्दर्यपूर्ण भावको उन्नयन गराउन लगाउनु पर्छ । प्रेमकथा वा मित्रताका कथा पढाएर शब्दचयन, वाक्यगठन र भाव अभिव्यक्त गराउने प्रयास गर्न आवश्यक हुन्छ । विद्यार्थीलाई प्रेम मित्रता सौन्दर्यपूर्ण अनुभव लेख्न र व्यक्त गर्न लगाई छलफल र पृष्ठपोषणका साथ सिकारूमा भावनात्मक अभिव्यक्ति र भाषिक कौशलको विकास गराउन राम्रो हुन्छ । यसबाट सिकारूमा आत्मविश्वासको विकास भई भाषिक परिष्कारमा मद्दत मिल्छ ।

***करूण रस र भाषाशिक्षण***

करूण रसका माध्यमबाट विद्यार्थीहरूलाई दया, सहानुभूति, करूणा, संवेदनाजस्ता भावहरूको विकास गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूले मानवीय मूल्य, भावनात्मक संवेदनशीलता र सामाजिक उत्तरदायित्व समेत सिक्ने अवसर पाउँछन् । यसका लागि करूण रसप्रधान साहित्यिक र भाषिक सामग्रीको चयन गर्न आवश्यक हुन्छ । ती पाठमा प्रयुक्त पात्रका पीडा, व्यथा र संवेदनाप्रति साक्षात्कार गराउन सकिन्छ । उक्त सामग्रीमा व्यक्त भाव अनुकूल भाषा अभिव्यक्तिको अभ्यास पनि गराउनाले विद्यार्थीमा भावनात्मक संवेदनशीलतामा वृद्धि हुन्छ । उदाहरणका लागि करूण रसमा आधारित पाठ वा शीर्षक चयन गर्दा भूकम्प पीडित बालकको दृष्टिकोण, असिना पानीमा चुटिनुपर्दाको अनुभवलाई आधार बनाउन सकिन्छ । यस्ता पाठमा आधारित कार्यकलापबाट मानवीय मूल्यमा आधारित सिकाइका साथै बौद्धिक अभ्यासमा मद्दत मिल्छ ।

***हास्य रस र भाषाशिक्षण***

सिकाइलाइ मनोरञ्जनसँग जोड्न आवश्यक हुन्छ । खुसीसाथ सिकेको सिकाइ स्थायी र जीवन्त रहन्छ । हास्य रसका माध्यमबाट सिकाइलाई सहभागितामूलक र मनोरञ्जनात्मक बनाउन सकिन्छ । यसबाट सिकारूमा स्मरणशक्तिको विकास भई भाषिक सिपको विकासमा मद्दत मिल्छ । हास्य रसका आधारमा शिक्षण सिकाइ कार्य गराउँदा हास्यमूलक कथाहरूको प्रयोग गर्ने, व्यङ्ग्यमूलक संवादको अभ्यास गराउने, हास्यमूलक काव्यकृतिको उपयोग तथा कक्षाको वातावरण पनि रमाइलो बनाउन आवश्यक हुन्छ। यस प्रकारका कार्यकलाप गराउँदा व्यक्तिगत, जोडीगत, समूहगत र कक्षागत सिकाइमा जोड दिन राम्रो हुन्छ । विषयको सिकाइसँगै गीत, सङ्गीत र नृत्यलाई पनि आधार बनाउन सकिन्छ । यसमा शिक्षक विद्यार्थीको सहकार्य अनिवार्य हुन्छ । हास्य रसका आधारमा शिक्षण गराउँदा सिकारूमा ज्ञानसँगै आनन्द प्राप्त हुन्छ । भाषाशिक्षणको उद्देश्य मनोविनोद प्रदान गर्नु पनि हो ।

***रौद्र रस र भाषाशिक्षण***

रौद्र रसका माध्यमबाट सिकारूमा अन्यायप्रतिको विद्रोह, साहस र सङ्घर्षको भावनाको विकास गराउन सकिन्छ । यसले भाषा सिकाइलाई औपचारिक अभ्यासमा सीमित नराखी भावनात्मक तथा जीवनमूल्यसँग जोड्न सहयोग गर्छ । भाषाशिक्षणमा रौद्र रसको उपयोग गर्दा अन्याय विरूद्ध लड्ने पात्र, युद्धसाहित्य, विद्रोही कविता वा निबन्धात्मक पाठ चयन गर्नुपर्छ । अन्यायपूर्ण घटना सुनाएर विद्यार्थीलाई त्यसप्रतिको प्रतिक्रिया दिन लगाउन सकिन्छ । रौद्र रसमा आधारित विषय केन्द्रित भावनात्मक संवाद गराउन राम्रो हुन्छ । महिला हिंसा, जातीय भेदभाव, शोषण, भ्रष्टाचारजस्ता सामाजिक मुद्दामा आधारित भाषिक क्रियाकलापमा अभ्यास गराउन आवश्यक हुन्छ । यसबाट विद्यार्थीहरूमा तर्कशक्तिको विकास, आत्मविश्वासको भावनामा वृद्धि, आलोचनात्मक सोचको विकास तथा भाषिक विविधतामा मद्दत मिल्छ ।

***वीर रस र भाषाशिक्षण***

वीर रसका माध्यमबाट विद्यार्थीहरूमा साहस, पराक्रम, आत्मविश्वास, उत्साह, दृढता र कामप्रतिको प्रेरणाको भाव जगाउन सकिन्छ । यसका लागि वीरता सम्बन्धी प्रसङ्ग प्रयोग गर्न सकिन्छ । उदाहरणका लागि वीर गणेशमान सिंहको राजनीतिक सङ्घर्ष, पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा

देखाएको पराक्रम । यसैगरी विद्यार्थीहरूलाई पाठ वा समाजमा आधारित वीर पात्रका भूमिकामा संवाद गर्न लगाई त्यसप्रतिको प्रतिक्रिया दिन लगाउन सकिन्छ । वीरताको भावना जगाउने काव्यकृति, निबन्धात्मक पाठ, जीवनीमूलक कृतिको अध्ययन गर्न लगाई त्यस्तै अन्य पाठ निर्माण गर्न वा जीवनमा उपयोग गर्ने अभ्यास गराउन राम्रो हुन्छ । स्वतन्त्रता, सङ्घर्ष र वीरतामूलक अनुच्छेद रचना (जस्तै, वीर गोर्खाली) गर्न लगाई विद्यार्थीलाई प्रस्तुतीकरण र छलफल गर्न लगाई पृष्ठपोषण दिन उपयुक्त हुन्छ । यसबाट विद्यार्थीहरूमा वीरताको भावना र भाषिक अनुभव वृद्धि गर्न सहयोग मिल्छ ।

***भयानक रस र भाषाशिक्षण***

भयानक रस भय, त्रास, आतङ्क आदिबाट उत्पन्न हुने रस हो । यसलाई भाषाशिक्षणमा उपयोग गरेर विद्यार्थीमा संवेदनशीलता, गम्भीरता र सचेतता जगाउन सकिन्छ । यस रसलाई काव्य वा कथावाचनमार्फत भूकम्प, पहिरो, आँधी वा महामारीजस्ता भयावह घटनाको वर्णन गरेर, संवाद अभ्यासमार्फत "भूकम्प आयो भने के गर्ने ?" वा "जङ्गलमा बाघ भेटिएपछि कसरी बच्ने ?" जस्ता प्रसङ्ग प्रस्तुत गरेर, साहित्यिक अंशमार्फत डरलाग्दा घटनाको व्याख्या वा नाट्यरूपान्तरण गरेर भाषिक सिपको विकास गराउन सकिन्छ । यसैगरी चित्र वा दृश्यमार्फत विद्यार्थीलाई आफ्नो अनुभव र कल्पनालाई भाषा प्रयोगमा उतार्न प्रेरित गरेर सिकाउन सकिन्छ । जस्तै, अँध्यारो रातमा बिजुली चम्किरहेको, आँधी चलिरहेको र मानिसहरू आतङ्कित हुँदै भागिरहेको दृश्य देखाएर विद्यार्थीलाई "तिमीले यो दृश्य देख्दा के महसुस गर्छौ ?" वा "यदि तिमी त्यहाँ भएको भए के गर्ने थियौ ?", तिमीले यस घटनालाई कसरी सामना गर्थ्यौ ? लगायत  प्रश्न गराउँदा उनीहरूले भय र त्रासको अनुभवलाई शब्द, वाक्य र अनुच्छेदमार्फत अभिव्यक्त गर्न सिक्छन् । यसरी भयानक रसले भाषाशिक्षणलाई भावनात्मक र प्रभावकारी बनाइदिन्छ । यस प्रकारका गतिविधिबाट विद्यार्थीमा भाषिक अनुभव वृद्धि गर्न सहयोग मिल्छ । सिकारूमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिन भयानक रसको प्रयोग उपयोगी देखिन्छ ।

***अद्‌भुत रस र भाषाशिक्षण***

अद्‌भुत रसका माध्यमबाट विद्यार्थीहरूमा आश्चर्य, कौतुहलता र विस्मयका भावहरू उत्पन्न गराउन सकिन्छ । कुनै विषयप्रति चासो आकर्षण र नवीनताको अनुभव बढाउन अद्‌भुत रसको उपयोग भाषा शिक्षणमा उपयोगी हुन्छ । यसका लागि शिक्षकले चमत्कारी वा अद्‌भुत घटना समेटिएका कथा प्रसङ्गहरू प्रस्तुत गर्न सक्छन् । जस्तै एउटा निम्न परिवारको बच्चाले छात्रवृत्ति पाएपछि पढाइमा राम्रो गऱ्यो, घामले मध्यान्हमा झ्यालबाट हाम फाल्यो यस्ता विस्मयकारी अभिव्यक्तिबाट विद्यार्थीमा विस्मय भाव उत्पन्न भई उत्सुकतापूर्वक भाषा सिकाइमा समर्पित हुन्छन् । यसका साथै कक्षामा विस्मय उत्पन्न गर्ने गतिविधि देखाउने वा सुनाउने गर्नुपर्छ । यसपछि यस्तै शब्दावली वा वाक्य संरचना निर्माणको अभ्यास गराउन सकिन्छ । विद्यार्थीलाई पनि यस्तै खालका भाषिक कार्यक्रममा संलग्न गराउनाले उनीहरूमा नवीन सोच, कल्पना र सिर्जनात्मक क्षमताको विकासमा सहयोग मिल्छ, उनीहरू पाठसँग भावनात्मक रूपमा संलग्न हुन्छन् । यसबाट सिकाइ दिगो र प्रभावकारी हुन्छ ।

***बीभत्स रस र भाषाशिक्षण***

कुनै विषयप्रतिको घृणा, विकर्षण वा अस्वीकारजन्य भावको अभिव्यक्ति बीभत्स रसबाट हुन्छ । यस रसका आधारमा भाषाशिक्षण गर्दा नकारात्मक वस्तु वा विषयका माध्यमबाट सकारात्मक सन्देश

प्रवाह गर्नेतर्फ दृष्टि दिनुपर्छ । उदाहरणका लागि फोहोर मैला, प्रदूषणजस्ता विषय वा चित्रबाट विद्यार्थीमा फोहोर, अनैतिक क्रियाकलाप, युद्धजस्ता गतिविधिले मानव जीवनमा नराम्रो असर गर्छ भन्ने भाव सम्प्रेषण गराउनु पर्छ । यस्तो भाव वा विषयको शिक्षण गर्दा वर्णनात्मक, संवादत्मक तथा कथात्मक भाषाको प्रयोग गर्न लगाउनुपर्छ । यसबाट सरसफाइको आवश्यकता, वातावरण संरक्षण, हिंसाको विरोधजस्ता सामाजिक सचेतनाको विकास भई सामाजिक उत्तरदायित्व बोध हुन्छ । यसबाट शब्दभण्डारको विकासका साथै भाषिक सिपमा दक्षता बढाउन सहयोग मिल्छ ।

***शान्त रस र भाषाशिक्षण***

शान्त रसबाट विद्यार्थीमा मनमा शान्ति, स्थिरता र व्यवहारमा सन्तुलन कायम गर्न मद्दत मिल्छ । यसबाट विद्यार्थीमा तनाव कम गर्न, सिकाइमा ध्यान केन्द्रित गर्न र सकारात्मक सिकाइ वातावरण सिर्जना गर्न सहयोग पुग्छ । भाषाशिक्षणमा शान्त रसको उपयोग गर्ने क्रममा सर्वप्रथम शिक्षकले विद्यार्थीलाई मौन ध्यान गर्न लगाउने, गहिरो सास फेर्ने अभ्यास गराउने वा हल्का शान्त सङ्गीत सुनाउने गर्न सक्छन् । यसबाट विद्यार्थीको ध्यान केन्द्रित भई सिकाइमा प्रेरित हुन्छन् । नयाँ शब्द, वाक्य, उच्चारण सिकाउँदा पनि डर मान्ने विद्यार्थीका लागि शान्त रसले तनाव कम गर्न मद्दत गर्छ । यसैगरी कक्षामा कविता निबन्धलगायत सिर्जना सुनाएर त्यसको अर्थ, भाव र लयबोध गराउन सकिन्छ । शान्त वातावरणका साथ गरिएको संवाद, अभ्यास, प्रस्तुतीकरण, छलफल र पृष्ठपोषणले सिकाइमा आत्मविश्वास बढ्न गई सिकाइलाई आनन्दमय, गहन र दीर्घकालीन बनाउँछ ।

नव रसको शैक्षणिक उपयोगितालाई तालिका २ मा देखाइएको छ :

*तालिका २* : **नव रसको शैक्षणिक उपयोगिता**

| **रस** | **शैक्षणिक उपादेयता** |
|---|---|
| शृङ्गार | प्रेम, आकर्षण, सौन्दर्य र सकारात्मक भावनाको विकास |
| करूण | दया सहानुभूति करूणा संवेदना जस्ता मानवीय र भाषिक अनुभवमा वृद्धि |
| हास्य | मनोरञ्जन, आनन्द र खुसीका साथ सिकाइमा सरिक |
| रौद्र | अन्यायप्रतिको विद्रोह, साहस र सङ्घर्षको भावनामा वृद्धि |
| वीर | साहस, पराक्रम, आत्मविश्वास, उत्साह, दृढता र प्रेरणाको जागरण |
| भयानक | संवेदनशीलता, गम्भीरता, सचेतताजन्य भाषिक प्रयोग |
| बीभत्स | कुनै विषयप्रतिको घृणा, विकर्षण र अस्वीकारबाट सामाजिक सचेतना र भाषिक सिपको विकास |
| अद्‌भुत | आश्चर्य, कौतुहलता, नवीन सोच र सिर्जनात्मक क्षमताको विकास |
| शान्त | तनाव कम, सिकाइमा ध्यान केन्द्रित र सिकाइलाई जीवन्त बनाउन सहयोगी |

तालिका २ का आधारमा भिन्नभिन्न रसका भिन्नभिन्न शैक्षणिक उपयोगिता रहेको देखिन्छ । यसो भए तापनि सबै रसको उद्देश्य सिकारूमा भाषिक अनुभव वृद्धि गर्नु र रागात्मक तृप्ति प्रदान गर्नु रहेको देखिन्छ । विविध अनुभवको आस्वादन प्राप्त गर्नु रहेको पाइन्छ । अतः सिकारूलाई सिर्जनात्मक

बनाउनु, उनीहरूमा जीवनबोध गराउनु, जीवन जीवन जगतप्रति सकारात्मक भावनाको विकास गराउनु र आत्मविश्वासका साथ भाषिक सिप र सौन्दर्यको वृद्धि  गराउनु रस सिद्धान्तको शैक्षणिक उपादेयता रहेको देखिन्छ ।

## निष्कर्ष

साहित्यशास्त्रमा रस सिद्धान्तको विशिष्ट पहिचान छ । पूर्वमा भरतमुनिदेखि आनन्दवर्धन, विश्वनाथ, जगन्नाथसम्मले रसलाई काव्यको आत्माका रूपमा लिएका छन् । रस निष्पत्तिका विषयमा पनि भट्टलोल्लटदेखि अभिनव गुप्तसम्मले यथेष्ट तर्क प्रस्तुत गरेको पाइन्छ । यसैगरी पश्चिममा पनि अरस्तुलगायतले काव्य पहिचानको आधार वा भावका रूपमा रसलाई अर्थ्याएका छन् । यस आधारमा काव्यशास्त्रको समृद्ध र सर्वप्राचीन सिद्धान्तलाई ज्ञानका विविध विधासँग जोड्ने क्रममा यहाँ भाषाशिक्षणसँग यसको सम्बन्ध देखाइएको छ । विविध विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति भएजस्तै विविध शैक्षणिक र मनोवैज्ञानिक परिवेशको परिणामस्वरूप शिक्षार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भाषा शिक्षणबाट भएको पाइन्छ । रसको निश्चित स्थायी भाव भएजस्तै भाषाशिक्षणबाट प्राप्त सिकाइ स्थायी हुने र यो समाज परिवर्तनका लागि उपयोगी सावित देखिन्छ ।

रस सिद्धान्तले सहृदयमा रहेको तमोगुण र रजोगुणको तिरोहण भई सत्वगुणको उb|क हुने मान्यता राख्छ । यस आधारमा भाषाशिक्षणबाट पनि व्यक्तिमा रहेका अँध्यारा पक्षलाई हटाएर उज्यालो ज्ञानरूपी शिक्षा प्राप्त हुने हुँदा यी दुवैको सम्बन्ध सर्वस्वीकार्य भएको छ । यसो हुनाले पनि रस सिद्धान्त र भाषाशिक्षणमा पाइने समान पक्षको सूक्ष्म रूपले खोजी गरी  एक अर्काका सहयोगी पक्षका रूपमा लिने हो भने ज्ञानका आयामलाई थप फराकिलो बनाउन मद्दत मिल्ने देखिन्छ । भाषा शिक्षणमा देखिएका कतिपय चुनौती एवम् समस्याको समाधानमा पनि रस सिद्धान्तलाई आधार बनाउन सकिन्छ । भाषाशिक्षणका मुख्य दुई वटा शैक्षणिक र मनोवैज्ञानिक आधारमध्ये मनोवैज्ञानिक आधार यही रस सिद्धान्तलाई मानिएको छ । शिक्षा केवल प्राविधिक सन्दर्भ मात्र होइन, यो परमानन्दको  विषय पनि हो । यस सन्दर्भलाई मनन गरी शिक्षालाई सार्थक एवम् परिणाममुखी बनाउन रस सिद्धान्तसँगको सम्बन्ध महत्त्वपूर्ण हुन आउँछ । यसर्थ रस सिद्धान्तसँग भाषाशिक्षणको सम्बन्धबारे जानकारी राख्न चाहने अध्येताका लागि प्रस्तुत अनुसन्धानात्मक लेख उपयोगी हुने देखिन्छ ।

## सन्दर्भ सूची

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त,* साझा प्रकाशन ।

गौतम, सिद्धिनाथ (२०५५), रससम्प्रदाय, *नेपाली साहित्य कोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ६८७-७०१ ।

नगेन्द्र (सन् १९८७), *रस सिद्धान्त,* नेसनल पब्लिसिङ हाउस ।

न्यौपाने, टङ्कप्रसाद (२०७६), कसरी पढ्ने ? कसरी पढाउने ?, निराजनराज विष्टसँगको अन्तर्वार्ता, https://m.www.youtube.com. २०७९।०३।३० मा हेरिएको ।

पोखरेल, रामचन्द्र (२०७५), रस सिद्धान्त, *यात्रा,* अङ्क ९, पृ. १-१० ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र,* भुँडीपुराण प्रकाशन ।

भट्टराई, गोविन्द्रप्रसाद (२०३९), *भरतको नाट्यशास्त्र,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भवभूति (सन् १९९९), *उत्तररामचरितम*, चतुर्थ संस्करण, चौखम्बा सुरभारती प्रकाशन ।

मम्मट (२०४२), *काव्यप्रकाश,* विश्वेश्वरी टीका, षष्ठ संस्करण, ज्ञानमण्डल लिमिटेड ।

मिश्र, जयमन्त (सन् २००५), *काव्यात्ममीमांसा*, पुनर्मुद्रित संस्करण, चौखम्बा विद्या भवन ।

रेग्मी, जगन्नाथ (२०६९), रस र रस निष्पत्तिका प्रमुख मान्यताहरू, *शोध*, वर्ष १, अङ्क १, पृ. १७७ - १८५ ।

लम्साल, रामचन्द्र (२०७७), *भाषिक विधा शिक्षण*, सनलाइट पब्लिकेसन ।

विश्वनाथ (२०५३), *साहित्यदर्पण*, लक्ष्मी टीका, पञ्चम संस्करण, चौखम्बा संस्कृत संस्थान ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), नेपाली भाषा शिक्षणका सन्दर्भहरू, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद (२०७८), *नेपाली भाषाशिक्षणका प्रायोगिक पक्ष*, हिमालय प्रकाशन प्रा.लि. ।

सुवेदी, राजेन्द्र (२०५६), पूर्वीय साहित्यका स्थापित सम्प्रदायहरू, *गरिमा,* वर्ष १८, अङ्क २, पूर्णाङ्क २०६, पृ. २१-३३ ।